# आर्थिक सर्वेक्षण

## आर्थिक वर्ष

## २०६४/६५

नेपाल सरकार
अर्थ मन्त्रालय
२०६५

# प्राक्कथन

नेपाल २०६५ जेष्ठ १५ देखि विधिवतरुपमा गणतन्त्रमा प्रवेश गरेको छ । राजनीतिक परिवर्तनसँगै आर्थिक विकासका सम्भावना र चुनौतीहरु अझ सशक्त रुपमा हाम्रा अगाडि उभिएका छन् । राजनीतिक परिदृश्यको परिवर्तनका साथै आर्थिक रुपान्तरण प्रक्रियालाई गतिशील बनाउन उपलब्ध सम्भावना र अवसरहरुलाई पूर्णरुपमा सदुपयोग गर्दै समग्र नेपालीको जीवनस्तर दिगोरुपमा माथि पुऱ्याउने चुनौती थप मुखरित भएर आएको छ । यसको निमित्त आवश्यक नीतिगत एवम् व्यवस्थापकीय पक्षहरुलाई निर्देशित गर्न, विकास प्रक्रियालाई सहज बनाउन र विकासको भावी रणनीति बारे स्पष्ट दिशावोध गर्न अर्थतन्त्रको विद्यमान स्वरुप, संरचना, उपलब्धि, संभावना तथा चुनौतीका सम्बन्धमा बस्तुगत विश्लेषण, मूल्याङ्कन र जानकारी हुनु आवश्यक हुन्छ ।

उपरोक्त सन्दर्भमा देशको अर्थतन्त्रका विभिन्न क्षेत्रहरूमा हासिल भएका महत्वपूर्ण उपलब्धि एवं परिवर्तनहरूको तथ्याङ्कीय प्रस्तुति र समीक्षागत विश्लेषण सहित आर्थिक वर्ष २०६४/६५ को आर्थिक सर्वेक्षण यस गरिमामय व्यवस्थापिका-संसद समक्ष प्रस्तुत गरेको छु । प्रस्तुत सर्वेक्षणमा चालू आर्थिक वर्ष २०६४/६५ को प्रथम आठ महिनासम्ममा देशको उत्पादन, सार्वजनिक वित्त, मौद्रिक तथा वित्तीय र वाह्य कारोवार क्षेत्रहरू लगायत आर्थिक, सामाजिक विकास तथा अर्थतन्त्रको संरचनागत सुधारसँग सम्बन्धित उपलब्धिहरूको समीक्षाका साथै यी क्षेत्रहरूमा देखिएका समस्या तथा चुनौतीहरू समेत प्रस्तुत गरिएको छ । यस क्रममा कृषि, उद्योग, पर्यटन, शिक्षा, स्वास्थ्य तथा उत्पादनका अन्य क्षेत्रहरूसँग सम्बन्धित तथ्याङ्कहरूलाई उपलब्धताका आधारमा अद्यावधिक गर्दै प्रस्तुतीकरणलाई बढी सरल एवम् व्यवस्थित बनाउने प्रयास गरिएको छ ।

आर्थिक वर्ष २०६४/६५ को प्रस्तुत आर्थिक सर्वेक्षण फराकिलो, उच्च र दिगो आर्थिक वृद्धिदरद्वारा समावेशी विकासका लक्ष्यहरू हासिल गर्न विकास प्रयासका नीतिगत, प्रभावगत एवम् अन्य सान्दर्भिक पक्षहरुमा सार्थक विश्लेषण, मूल्याङ्कन र परिमार्जनका लागि जनप्रतिनिधिहरू लगायत सम्बद्ध सबैका लागि उपयोगी श्रोतको रुपमा रहने छ भन्ने विश्वास लिएको छु ।

प्रस्तुत आर्थिक सर्वेक्षण तयार गर्ने कार्यमा संलग्न अर्थ मन्त्रालयका पदाधिकारीहरू विशेषतः आर्थिक कार्य विषयक तथा नीति विश्लेषण महाशाखाका सम्पूर्ण कर्मचारीहरू, नेपाल राष्ट्र बैंकका सम्बन्धित कर्मचारीहरूका साथै आवश्यक तथ्याङ्क, सूचना एवं विवरण उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने सम्पूर्ण मन्त्रालय एवम् अन्य निकायहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

डा. रामशरण महत

असार २०६५ — अर्थ मन्त्री

# विषय-सूची


| | विषय | पृष्ठ |
|---|---|---|
| | प्राक्कथन | |
| | मञ्जुषा सूची | i |
| | विषय-तालिका सूची | ii |
| | चार्ट सूची | v |
| | छोटकरी रूप | vi |
| | कार्यकारी सारांश | x |
| १. | आर्थिक गतिविधि | १ |
| २. | सार्वजनिक वित्त | १९ |
| ३. | मूल्य तथा आपूर्ति स्थिति | ३३ |
| ४. | मौद्रिक तथा बैंकिङ्ग स्थिति | ४३ |
| ५. | पुँजी बजार | ७७ |
| ६. | वाह्य क्षेत्र | ८६ |
| ७. | गरिबी निवारण र रोजगारी | ९७ |
| ८. | कृषि, उद्योग र पर्यटन | ११० |
| ९. | सार्वजनिक संस्थान | १३४ |
| १०. | ऊर्जा तथा वन | १४९ |
| ११. | यातायात तथा सञ्चार | १६० |
| १२. | सामाजिक क्षेत्र | १७५ |

# मञ्जुषा सूची


| मञ्जुषा नं. | विषय | पृष्ठ |
|---|---|---|
| १(क) | आर्थिक वृद्धिका लागि सरकारी भूमिका | ५ |
| १(ख) | तीन-वर्षिय अन्तरिम योजना | ६ |
| १(ग) | राष्ट्रिय लेखा तथ्याङ्कको नयाँ श्रृङ्खला | ७ |
| ३ | खाद्यान्न वस्तुहरुको मूल्य वृद्धिबाट स्फीतिकारी प्रभाव | ३४ |
| ४(क) | मौद्रिक नीतिको विद्यमान कार्यसंरचना | ४३ |
| ४(ख) | आर्थिक वर्ष २०६४/६५ को मौद्रिक नीतिका विशेषताहरु | ४४ |
| ४(ग) | नेपाल राष्ट्र बैंकको पुनर्संरचना | ६२ |
| ४(घ) | नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको पुनर्संरचना | ६२ |
| ४(ङ) | वित्तीय क्षेत्रको सक्षमता अभिवृद्धिका लागि गरिएका पछिल्ला पहलहरु | ६५ |
| ४(च) | संस्थापक शेयर सम्वन्धी निर्देशनको प्रमुख झलक | ६८ |
| ४(छ) | मार्जिन लेण्डिङ्ग सम्वन्धी निर्देशनको प्रमुख झलक | ७० |
| ४(ज) | जलविद्युत लगानी सम्बन्धी नयाँ व्यवस्था | ७१ |
| ४(झ) | शाखा विस्तार सम्वन्धी नयाँ व्यवस्था | ७३ |
| ६(क) | भारतबाट नेपालमा विप्रेषण पठाउने नयाँ व्यवस्था | ९० |
| ६(ख) | गैर-आवासीय नेपाली सम्वन्धी ऐन, २०६४ | ९१ |
| ८(क) | कृषि क्षेत्रका मुख्य गतिविधिहरू | ११० |
| ८(ख) | विश्व व्यापार सङ्गठन (WTO) को सदस्यता पश्चात् भइरहेका गतिविधिहरू | १२१ |
| ८(ग) | पर्यटन क्षेत्रका मुख्य गतिविधिहरू | १३० |
| १०(क) | वन स्रोत तथ्याङ्क | १५५ |
| १०(ख) | वन एक झलक | १५६ |
| १२(क) | प्रति विद्यार्थी एकाइ लागतका आधारमा अनुदान | १७७ |
| १२(ख) | नेपाल मेडिकल काउन्सिलमा हुने दर्ताको प्रकार र प्रकिया | २०५ |

# विषय-तालिका सूची


| तालिका नं. | विषय | पृष्ठ |
|---|---|---|
| १(क) | विश्वको आर्थिक वृद्धिदर | १ |
| १(ख) | विश्व व्यापार | २ |
| १(ग) | विश्वको मूल्य स्थिति | ३ |
| १(घ) | छिमेकी अर्थतन्त्रको आर्थिक वृद्धिदर | ४ |
| १(ङ) | प्रति व्यक्ति राष्ट्रिय आय | ४ |
| १(च) | मानव विकासको अवस्था | ५ |
| १(छ) | कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (औद्योगिक वर्गीकरण अनुसार) | ८ |
| १(ज) | आर्थिक गतिविधिका प्रमुख परिसूचकहरू | १२ |
| २(क) | कुल सरकारी खर्चसँग सरकारी वित्तका शीर्षकहरुको अनुपात | २० |
| २(ख) | कुल गार्हस्थ्य उत्पादनसँग सरकारी खर्च र राजस्वको अनुपात | २१ |
| २(ग) | पुँजीगत तथा साँवा भुक्तानी खर्च र सोको पूर्तिगर्ने स्रोतहरु | २२ |
| २(घ) | न्यून वित्त | ३० |
| ३(क) | उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित वार्षिक विन्दुगत मुद्रास्फीति दर | ३३ |
| ३(ख) | शहरी क्षेत्रको विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क | ३५ |
| ३(ग) | शहरी क्षेत्रको औसत उपभोक्ता मूल्य सूचकाङ्क | ३६ |
| ३(घ) | शहरी क्षेत्रको विन्दुगत राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क | ३७ |
| ३(ङ) | राष्ट्रिय थोक मूल्य सूचकाङ्क | ३९ |
| ३(च) | राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क | ४० |
| ४(क) | बैंकदर, पुनर्कर्जादर र अनिवार्य नगद अनुपात | ४५ |
| ४(ख) | खुला बजार कारोवार स्थिति | ४६ |
| ४(ग) | मुद्रा प्रदायमा प्रभाव पार्ने कारकहरु | ४८ |
| ४(घ) | सञ्चित मुद्रामा भएको परिवर्तन | ४९ |
| ४(ङ) | वाणिज्य बैंकहरूको निक्षेप, तरलता र कर्जा स्थिति | ५० |
| ४(च) | बैंक तथा वित्तीय संस्थाहरुको संख्या | ५२ |
| ४(छ) | वित्तीय विस्तार तथा प्रगाढताका केही परिसूचकहरु | ५३ |
| ४(ज) | वाणिज्य बैंकहरूको शाखा विस्तारको स्थिति | ५३ |

| | | |
|---|---|---|
| ४(झ) | वाणिज्य बैंकहरुको निष्क्रिय कर्जाहरुको स्थिति | ५४ |
| ४(ञ) | ग्रामीण स्वावलम्वन कोषको कारोवार विवरण | ५८ |
| ४(ट) | वचत तथा ऋण सहकारी संस्थाहरुको गतिविधिको झलक | ५९ |
| ४(ठ) | ऋणात्मक पुँजी कोष | ६४ |
| ४(ड) | कुल कर्जामा भाखा नाघेको कर्जा | ६४ |
| ४(ढ) | वित्तीय क्षेत्रसँग सम्बन्धित जारी नयाँ ऐन तथा नियमहरु | ६६ |
| ५(क) | प्राथमिक बजार प्रवृत्ति | ७७ |
| ५(ख) | दोस्रो बजार प्रवृत्ति | ७९ |
| ६(क) | अन्तर्राष्ट्रिय व्यापार स्थिति | ८८ |
| ६(ख) | कुल विदेशी विनिमय सञ्चिति | ९२ |
| ६(ग) | अन्तर्राष्ट्रिय बजारमा तेल तथा सुनको मूल्य | ९४ |
| ७(क) | गरिबी मापन (२०५२/५३ र २०६०/६१) | ९८ |
| ७(ख) | लक्षित कार्यक्रमहरूको गत पाँच वर्षको बजेट तथा खर्चको स्थिति | १०० |
| ७(ग) | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण (NDHS) का केही परिसूचकहरूको तुलनात्मक विवरण | १०१ |
| ७(घ) | नेपालमा रोजगारीको स्थिति, २०६०/६१ | १०६ |
| ७(ङ) | वैदेशिक रोजगारीका गन्तब्यहरु | १०७ |
| ७(च) | आर्थिक वर्ष २०६४ साउनदेखि फागुनसम्म वैदेशिक रोजगारी सम्बन्धी कार्य प्रगति विवरण | १०८ |
| ८(क) | कृषि वालीको उत्पादकत्व | ११४ |
| ८(ख) | विदेशी लगानीका लागि आर्थिक वर्ष २०६३/६४ मा स्वीकृति दिइएका उद्योगहरू | १२४ |
| ८(ग) | विदेशी लगानीका लागि आर्थिक वर्ष २०६४/६५ मा स्वीकृति दिइएका उद्योगहरू | १२५ |
| ८(घ) | विदेशी लगानीका लागि २०६४ फागुनसम्म स्वीकृति दिइएका उद्योगहरू | १२५ |
| ८(ङ) | देशगतरुपमा विदेशी लगानी | १२५ |
| ८(च) | संस्कृति, पर्यटन तथा नागरिक उड्डयनसम्बन्धी परिमाणात्मक लक्ष्य एवं उपलब्धि | १२९ |
| ९(क) | लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्ष | १४१ |
| ९(ख) | नेपाल सरकारको ऋण लगानी | १४२ |
| ९(ग) | नेपाल सरकारको शेयर लगानी | १४३ |
| ९(घ) | विनिवेश/खारेजी/विघटन भएका सार्वजनिक संस्थानहरू | १४४ |

| | | |
|---|---|---|
| ९(ङ) | विनिवेश वा खारेज गरिएका सार्वजनिक संस्थानहरूमा नेपाल सरकारबाट दायित्व भुक्तानीका लागि गरेको लगानी विवरण | १४६ |
| १०(क) | नेपालमा वैकल्पिक ऊर्जा/गोवरग्याँसको अवस्था | १५५ |
| ११(क) | नेपालमा उपलब्ध सडक सुविधा | १६० |
| ११(ख) | सवारी साधनहरूको संख्या | १६१ |
| ११(ग) | यातायात क्षेत्रमा भएका विविध कार्य | १६२ |
| ११(घ) | टेलिफोन सेवा (एक्सचेञ्ज) विस्तार | १७० |
| ११(ङ) | भाषागतरूपमा पत्रिकाहरूको संख्या | १७२ |
| १२(क) | विद्यालय, विद्यार्थी र शिक्षक अनुपात | १८० |
| १२(ख) | शैक्षिक सत्र २०६४ मा प्रति शिक्षक विद्यार्थी अनुपात | १८० |
| १२(ग) | शैक्षिक सत्र २०६४ सम्म सम्बन्धन प्राप्त उच्च माध्यमिक विद्यालयहरूको क्षेत्रगत विवरण | १८४ |
| १२(घ) | वार्षिक परीक्षामा सम्मिलित र उतीर्ण विद्यार्थी संख्या | १८४ |
| १२(ङ) | त्रिभुवन विश्वविद्यालय अन्तर्गतका अध्ययन संस्थान/संकायहरु सम्बन्धी विवरण | १८५ |
| १२(च) | त्रिभुवन विश्वविद्यालयतर्फको अप्राविधिक जनशक्ति उत्पादन विवरण | १८६ |
| १२(छ) | त्रिभुवन विश्वविद्यालयतर्फको प्राविधिक जनशक्ति उत्पादन विवरण | १८८ |
| १२(ज) | एम.फिल./विद्यावारिधि दर्ता विवरण | १८९ |
| १२(झ) | त्रि.वि. शिक्षण अस्पताल, महाराजगञ्ज | १८९ |
| १२(ञ) | पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत विद्यार्थी भर्ना/उत्पादन स्थिति | १९२ |
| १२(ट) | नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत विभिन्न क्याम्पस/विद्यालयमा विभिन्न तहमा आर्थिक वर्ष २०६३/६४ को छात्र-छात्रा भर्ना विवरण | १९४ |
| १२(ठ) | पोखरा विश्वविद्यालय अन्तर्गत आंगिक, सम्बन्धन प्राप्त विद्यालय र क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको विवरण | १९५ |
| १२(ड) | विभिन्न विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरू तथा विद्यार्थी संख्या | १९६ |
| १२(ढ) | आर्थिक वर्ष २०६४/६५ (मिति २०६४।२।१० सम्म) मा नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका विशेषज्ञ विवरण | २०६ |
| १२(ण) | वैदेशिक रोजगारको स्थिति | २३१ |
| १२(त) | व्यावसायिक तथा सीपमूलक तालिम कार्यक्रम | २३२ |

# चार्ट सूची


| चार्ट नं. | विषय | पृष्ठ |
|---|---|---|
| १(क) | वास्तविक कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर | ९ |
| १(ख) | कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान | ११ |
| १(ग) | वास्तविक प्रति व्यक्ति आयको वृद्धिदर | १५ |
| १(घ) | कुल गार्हस्थ्य उत्पादनसँग लगानी र वचतको अनुपात | १५ |
| २(क) | सरकारी खर्च र राजस्वको वृद्धिदर | २२ |
| २(ख) | स्वीकृत वैदेशिक सहायता र उपयोग | २७ |
| २(ग) | सरकारी न्यून वित्त र वैदेशिक तथा आन्तरिक ऋण | ३० |
| ३(क) | शहरी क्षेत्रको औसत उपभोक्ता मूल्य सूचकाङ्क | ३५ |
| ३(ख) | राष्ट्रिय शहरी उपभोक्ता मूल्य सूचकाङ्क | ३६ |
| ४(क) | मुद्रा प्रदायको वृद्धिदर | ४७ |
| ४(ख) | मुद्रा प्रदायमा असर पार्ने मुख्य कारकहरुमा भएको परिवर्तन | ४९ |
| ४(ग) | वाणिज्य बैंकहरूको कर्जा तथा लगानी र निक्षेप | ५१ |
| ४(घ) | वित्त कम्पनीहरुको निक्षेप तथा कर्जा सापटी | ५५ |
| ४(ङ) | कर्मचारी सञ्चयकोषको कोष संकलन, कर्जा सापटी तथा लगानी | ५९ |
| ६(क) | अन्तर्राष्ट्रिय व्यापार | ८७ |
| ६(ख) | वाह्य क्षेत्रको स्थिति | ९० |
| ६(ग) | बैंकिङ्ग प्रणालीमा रहेको विदेशी विनिमय सञ्चिति | ९३ |
| ८(क) | प्रमुख खाद्यान्न बालीहरूको उत्पादन | ११२ |
| ८(ख) | पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रा | १३० |
| १०(क) | विद्युत उत्पादन तथा खपत | १५१ |
| ११(क) | सडक सुविधाको विस्तार | १६० |
| ११(ख) | टेलिफोन सुविधाको विस्तार | १७१ |
| १२(क) | सार्वजनिक विद्यालयहरूको संख्या | १८० |
| १२(ख) | विद्यालयहरूको क्षेत्रगत विवरण (सरकारी/सामुदायिक/निजीस्तर) | १८२ |
| १२(ग) | विद्यार्थी भर्ना संख्या | १८३ |
| १२(घ) | स्वास्थ्य सेवाको विस्तार | २०२ |
| १२(ङ) | स्वास्थ्य सुविधाको विस्तार | २०२ |

# छोटकरी रूप

| | | |
|---|---|---|
| ACU | - | Asian Clearing Union |
| ADB | - | Asian Development Bank |
| ADS-B | - | Automatic Dependent Surveillance Broadcast |
| Advanced Economies (विकसित अर्थतन्त्रहरु) | - | United States, Euro Area, Japan, United Kingdom, Canada, Other Advanced Economies |
| AFIS | - | Aeronautical Flight Information System |
| AIDS | - | Acquired Immune Deficiency Syndrome |
| AIG | - | Accord Implementation Group for Basel-II (बाजल-टु) |
| AIP | - | Aeronautical Information Publication |
| AMHS | - | ATS Message Handling System |
| AMT | - | Aircraft Maintenance Technician |
| ANC | - | Antenatal Care |
| AOC | - | Air Operation Certificate |
| API | - | Annual Parasite Incidence |
| ARI | - | Acute Respiratory Infection |
| ART | - | Antiretroviral Therapy |
| ASEAN-5 (आसियान-५) | - | Indonesia, Thailand, Philippines, Malaysia, Vietnam |
| ATS | - | Air Traffic Services |
| AVSEC | - | Aviation Security |
| BCG | - | Bacille Calmette-Guérin |
| BDS | - | Bachelor of Dental Science |
| BIMSTEC | - | Bay of Bengal Initiative for Multi- Sectoral Technical and Economic Cooperation |
| BSP | - | Bio-gas Support Program |
| CAAC | - | Civil Aviation Authority of China |
| CB-IMCI | - | Community-Based Integrated Management for Child Illness |
| CBR | - | Community-Based Reform |
| CDCF | - | Community Development Carbon Fund |
| CDM | - | Clean Development Mechanism |
| CDMA | - | Code Division Multiple Access |
| CEO | - | Chief Executive Officer |
| CER | - | Certified Emission Reduction |
| CFIT | - | Control Flight into Terrain |
| COSCAP-SA | - | Cooperative Development of Operational Safety and Continuing Airworthiness Program – South Asia |
| CPR | - | Current Prevalence Rate |
| CTEVT | - | Council for Technical Education and Vocational Training |
| CUTE | - | Common User Terminal Equipment |
| CYP | - | Couple Year of Protection |
| DAG | - | Disadvantaged Group |
| DCP | - | Designated Check Pilot |

| | | |
|---|---|---|
| DFID | - | Department for International Development, UK |
| DOTs | - | Direct Observation Treatments |
| DPMAS | - | District Poverty Monitoring and Analysis System |
| DPPR | - | Disaster Preparedness Program Review |
| DPT | - | Diphtheria, Pertussis and Tetanus |
| DRF | - | Debt Relief Fund |
| ECD | - | Early Childhood Development |
| EDV | - | Electronic Diversity Visa |
| Emerging and Developing Economies (विकासोन्मुख अर्थतन्त्रहरु) | - | Africa, Central and Eastern Europe, Common Wealth of Independent States, Developing Asia, Middle East, Western Hemisphere |
| ENT | - | Ear, Nose and Throat |
| EPZ | - | Export Processing Zone |
| EU | - | European Union |
| EWARS | - | Early Warning Reporting System |
| FISIM | - | Financial Intermediation Services Indirectly Measured |
| FNCCI | - | Federation of Nepalese Chambers of Commerce and Industry |
| GDP | - | Gross Domestic Product |
| GFATM | - | Global Fund for AIDS Tuberculosis Management |
| GHC | - | Grievance Hearing Cell |
| GITF | - | Guangzhou International Travel Fair |
| GMPCS | - | Global Mobile Personal Communication System |
| GNI | - | Gross National Income |
| GPS | - | Global Positioning System |
| GSM | - | Global System for Mobile Communications |
| ha | - | hectare |
| HIV | - | Human Immunodeficiency Virus |
| HIV/AIDS | - | Human Immunodeficiency Virus/ Acquired Immune Deficiency Syndrome |
| ICAO | - | International Civil Aviation Organization |
| IDA/PRSC | - | International Development Association/Poverty Reduction Strategy Credit |
| IEC | - | Information, Education, and Communication |
| IFRS | - | International Financial Reporting Standards |
| ILS | - | Instrument Landing System |
| IMCI | - | Integrated Management and Child Illness |
| IMF | - | International Monetary Fund |
| ISDN | - | Integrated Services Digital Network |
| ISIC | - | International Standard Industrial Classification |
| ITU | - | International Telecommunication Union |
| IUD | - | Intrauterine Device |
| IUSOAP | - | ICAO Universal Safety Oversight Audit Program |
| KG | - | Kilo Gram |
| LDO | - | Light Diesel Oil |

| | | |
|---|---|---|
| LDTA | - | Local Development Training Academy |
| LMFF | - | Liquidity Monitoring and Forecasting Framework |
| LOA | - | Letter of Agreement |
| Major Advanced Economies (प्रमुख विकसित अर्थतन्त्रहरु) | - | United States, Japan, Germany, United Kingdom, France, Italy, Canada, Spain |
| MBBS | - | Medicinae Baccalaureus et Baccalaureus Chirurgiae (Latin), (Bachelor of Medicine, Bachelor of Surgery) |
| MD | - | Doctor of Medicine |
| MDA | - | Mass Drugs Administration |
| MFDR | - | Operationalization of Managing for Development Results |
| MS | - | Master of Science |
| MT | - | Metric Ton |
| MTEF | - | Mid-Term Expenditure Framework |
| MTO | - | Mineral Turpentine Oil |
| MUAN | - | Municipalities Association of Nepal |
| NASC | - | Nepal Administrative Staff Collage |
| NATTA | - | Nepal Association of Tour and Travel Agents |
| NCASTP | - | National Civil Aviation Security Training Program |
| NDHS | - | Nepal Demographic and Health Survey |
| NFHP | - | National Family Health Program |
| NLSS | - | National Living Standards Survey |
| NPA | - | Non-Performing Assets |
| NSIC | - | Nepal Standard Industrial Classification |
| P1 | - | प्राथमिकता एक |
| PABX System | - | Public Telephone Exchange System |
| PBM | - | Performance-Based Monitoring |
| PCF | - | Per Capita Funding |
| PCO | - | Public Call Operator |
| PGDP | - | Population Gender and Development Program |
| PMAS | - | Poverty Monitoring and Analysis System |
| PMEU | - | Program Monitoring and Evaluation Unit |
| PMTCT | - | Prevention of Mother to Child Transmission |
| PNC | - | Postnatal Care |
| PPP | - | Public-Private Partnership |
| PPP | - | Purchasing Power Parity |
| PRSP | - | Poverty Reduction Strategy Paper |
| PSI | - | Population Service International |
| PSTN | - | Public Subscriber Telephone Network |
| RCAG | - | Remote Center Air/Ground |
| RUPP | - | Rural-Urban Partnership Program |
| RWRMP | - | Rural Water Resource Management Project |
| SAFTA | - | South Asian Free Trade Area |

| | | |
|---|---|---|
| SAPTA | - | SAARC Preferential Trading Arrangement |
| SBA | - | Skilled Birth Attendant |
| SEZ | - | Special Economic Zone |
| SITC | - | Standards International Trade Classification |
| SMD | - | Strengthening Maintenance and Development Process |
| SNA | - | System of National Accounts (1993) |
| STI | - | Second-Tier Institution |
| TB | - | Tuberculosis |
| TITV | - | Thai International Television |
| TOR | - | Terms of Reference |
| TRADE | - | Tariff Relief Assistance for Developing Economies |
| TT | - | Tetanus Toxoid |
| TYIP | - | Three-Year Interim Plan |
| UDLE | - | Urban Development through Local Efforts |
| UDLE/RUPP | - | UDLE/Rural-Urban Partnership Program |
| UMN | - | United Mission to Nepal |
| UN | - | United Nations |
| UNDP | - | United Nations Development Program |
| UN-HABITAT | - | United Nations Human Settlement Program |
| UPU | - | Universal Postal Union |
| UNSECAP | - | UN Social and Economic Commission for Asia and the Pacific |
| USAP | - | Universal Security Audit Program |
| USOAP | - | Universal Safety Oversight Audit Program |
| VCT | - | Voluntary Counseling and Testing for HIV |
| VHF | - | Very High Frequency |
| VOR/DME | - | Very High Frequency Omni Range / Distance Measuring Equipment |
| VSAT | - | Very Small Aperture Terminal |
| WHO | - | World Health Organization |
| WLL | - | Wireless Loop |
| WTO | - | World Trade Organization |
| TIA | - | Tribhuvan International Airport |
| कि.मि. | - | किलोमिटर |
| के.जी. | - | किलोग्राम |
| गा.वि.स. | - | गाउँ विकास समिति |
| जि.वि.स. | - | जिल्ला विकास समिति |
| नि.मा.वि. | - | निम्न-माध्यमिक विद्यालय |
| प्रा.वि. | - | प्राथमिक विद्यालय |
| मा.वि. | - | माध्यमिक विद्यालय |
| मि. | - | मिटर |
| रा.प.अनं. | - | राजपत्र अनंकित |
| वि.सं. | - | विक्रम संवत् |
| सा.नि.सा. | - | सार्वजनिक-निजी साझेदारी (Public-Private Partnership) |

# कार्यकारी सारांश

१. विश्व अर्थतन्त्रको लागि सन् २००८ को वर्ष त्यति सहज हुने देखिदैन । आर्थिक वृद्धिदरमा सुस्तता र मूल्य वृद्धिदरमा तीव्रता प्रमुख समस्याको रुपमा रहेका छन् । विश्वको आर्थिक वृद्धिदर सन् २००७ को तुलनामा सन् २००८ मा १.२ प्रतिशत विन्दुले घट्न जाने प्रक्षेपण रहेको छ । संयुक्त राज्य अमेरिकामा देखिएको घरजग्गा कारोवार सम्वन्धी संकट र सोबाट संयुक्त राज्य अमेरिका लगायत अन्य विकसित अर्थतन्त्रहरुमा सिर्जित प्रतिकूल प्रभाव, अन्तर्राष्ट्रिय बजारमा तेलको चर्को मूल्य वृद्धि सगै समग्र मुद्रास्फीतिमा चाप एवम् विद्यमान संरचनागत समस्याहरु विश्वको आर्थिक शिथिलताका जिम्मेवार तत्व रहेका छन् ।

२. विश्वको आर्थिक वृद्धिदर सन् २००७ मा ४.९ प्रतिशत रहेको थियो । उक्त आर्थिक वृद्धिदरमध्ये विकसित मुलुकहरू (advanced economies) को वृद्धिदर २.७ प्रतिशत र अन्य मुलुकहरू (emerging and developing economies) को वृद्धिदर ७.९ प्रतिशत रहेको थियो । सन् २००८ मा विश्वको आर्थिक वृद्धिदर ३.७ प्रतिशत हुने अनुमान छ, जसमध्ये विकसित मुलुकहरूको वृद्धिदर १.३ प्रतिशत र अन्य मुलुकहरूको वृद्धिदर ६.७ प्रतिशत रहने छ । सन् २००७ मा विकसित मुलुकहरूको मूल्य वृद्धिदर २.२ प्रतिशत र अन्य मुलुकहरूको मूल्य वृद्धिदर ६.४ प्रतिशत रहेकोमा सन् २००८ मा मूल्य वृद्धिदर क्रमशः २.६ प्रतिशत र ७.४ प्रतिशत रहने अनुमान  छ ।

३. नेपालका छिमेकी मुलुकहरू चीन र भारतको आर्थिक वृद्धिदर सन् २००७ मा क्रमशः ११.४ प्रतिशत र ९.२ प्रतिशत रहेकोमा सन् २००८ मा क्रमशः ९.३ प्रतिशत र ७.९ प्रतिशत रहने अनुमान छ । त्यस्तै, समग्र दक्षिण एशियाको आर्थिक वृद्धिदर सन् २००७ मा ८.६ प्रतिशत रहेकोमा सन् २००८ मा ७.५ प्रतिशत रहने अनुमान छ ।

४. चालू आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदरमा उल्लेखनीय सुधार देखिएको छ । आधारभूत मूल्यको कुल गार्हस्थ्य उत्पादन यो वर्ष ५.५६ प्रतिशतले बढ्ने अनुमान छ, जुन विगत सात वर्षको सवैभन्दा उच्च स्तर हो । यस वर्ष कृषि र गैर-कृषि क्षेत्रहरुको वृद्धिदर क्रमशः ५.६५ प्रतिशत र ५.५७ प्रतिशत रहने अनुमान छ । मौसमी अनुकूलता तथा सकारात्मक नीतिको परिणामस्वरुप यी दुबै क्षेत्रहरुको वृद्धिदर उच्च रहन गएको हो । गत आर्थिक वर्षमा कृषि तथा गैर-कृषि क्षेत्रहरुको वृद्धिदर क्रमशः ०.९ प्रतिशत र ४.१ प्रतिशत थियो ।

५. आर्थिक वर्ष २०६३/६४ को तुलनामा आर्थिक वर्ष २०६४/६५ मा उत्पादन वृद्धिदर उच्च रहेका गैर-कृषि क्षेत्रहरूमा वित्तीय मध्यस्थीकरण (गत वर्ष ११.४ प्रतिशत, यस वर्ष १३.८ प्रतिशत) स्वास्थ्य र सामाजिक कार्य (गत वर्ष ६.७ प्रतिशत, यस वर्ष ७.४ प्रतिशत), मत्स्यपालन (गत वर्ष ३.० प्रतिशत, यस वर्ष ७.१ प्रतिशत), यातायात संचार तथा गोदाम

(गत वर्ष ४.५ प्रतिशत, यस वर्ष ६.६ प्रतिशत), थोक तथा खुद्रा व्यापार (गत वर्ष ऋणत्मक ४.५ प्रतिशत, यस वर्ष ६.४ प्रतिशत), सार्वजनिक प्रशासन र रक्षा (गत वर्ष १.४ प्रतिशत, यस वर्ष ५.७ प्रतिशत) र खानी तथा उत्खनन् (गत वर्ष १.५ प्रतिशत, यस वर्ष २.८ प्रतिशत) रहेका छन् ।

६. आर्थिक वर्ष २०६३/६४ को तुलनामा आर्थिक वर्ष २०६४/६५ मा उत्पादन वृद्धिदर न्यून रहेका उत्पादन क्षेत्रहरुमा अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवाहरु (गत वर्ष ११.८ प्रतिशत, यस वर्ष ११.१ प्रतिशत), शिक्षा (गत वर्ष ६.२ प्रतिशत, यस वर्ष ४.६ प्रतिशत), घरजग्गा भाडा तथा व्यावसायिक सेवाहरु (गत वर्ष ११.८ प्रतिशत, यस वर्ष ४.४ प्रतिशत), विद्युत ग्यास तथा पानी (गत वर्ष १३.० प्रतिशत, यस वर्ष ३.४ प्रतिशत) र उत्पादन उद्योग (गत वर्ष २.६ प्रतिशत, यस वर्ष ०.२ प्रतिशत) रहेका छन् ।

७. प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादनमा प्रमुख उत्पादन क्षेत्रहरूको अंश हेर्दा आर्थिक वर्ष २०६४/६५ मा कृषि क्षेत्रको ३२.१ प्रतिशत, थोक तथा खुद्रा व्यापारको १३.६ प्रतिशत, यातायात सञ्चार तथा गोदामको ९.३ प्रतिशत, घरजग्गा भाडा तथा व्यावसायिक सेवाहरूको ९.९ प्रतिशत, उद्योगको ७.१ प्रतिशत, निर्माणको ६.४ प्रतिशत, शिक्षाको ६.० प्रतिशत, वित्तीय मध्यस्थताको ४.८ प्रतिशत, विद्युत ग्यास तथा पानीको २.० प्रतिशत, सार्वजनिक प्रशासन तथा रक्षाको १.९ प्रतिशत, होटल तथा रेष्टुराँको १.४ प्रतिशत तथा स्वास्थ्य र सामाजिक कार्यको १.४ प्रतिशत रहेको छ ।

८. आर्थिक विकासको बदलिंदो स्वरूप अनुरूप अर्थतन्त्रमा सेवा क्षेत्रको अंश बढ्दै गइरहेको छ । गत आर्थिक वर्षमा सेवा क्षेत्र (tertiary sector) ४.२ प्रतिशतले बढेकोमा चालू आर्थिक वर्षमा ६.९ प्रतिशतले बढ्न गई कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको अंश गत वर्षको ५०.९ प्रतिशतबाट ०.५ प्रतिशत विन्दुले बढ्न गई चालू वर्षमा ५१.४ प्रतिशत पुगेको छ । त्यस्तै, प्राथमिक क्षेत्र (primary sector) गत वर्षको १.० प्रतिशत वृद्धिको तुलनामा यस वर्ष ५.६ प्रतिशतले बढ्न गई कुल गार्हस्थ्य उत्पादनमा यसको अंश गत वर्षको ३३.० प्रतिशतको तुलनामा यस वर्ष ३३.१ प्रतिशत रहेको छ । साथै, द्वितीय क्षेत्र (secondary sector) गत वर्षको ४.० प्रतिशत वृद्धिको तुलनामा यस वर्ष १.८ प्रतिशतले बढ्न गई कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको अंश गत वर्षको १६.१ प्रतिशतबाट घट्न गई १५.५ प्रतिशतमा रहेको छ ।

९. कुल गार्हस्थ्य उत्पादनसँगको अनुपातमा कुल गार्हस्थ्य वचतको अंश आर्थिक वर्ष २०६३/६४ मा ९.७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा ११.५ प्रतिशत तथा कुल राष्ट्रिय वचतको अनुपात आर्थिक वर्ष २०६३/६४ मा २८.५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा ३२.० प्रतिशत पुगेको छ । कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल लगानी गत वर्ष २८.० प्रतिशत रहेकोमा यस वर्ष ३२.० प्रतिशत पुगेको तथा कुल राष्ट्रिय वचत

गत वर्ष २८.५ प्रतिशत रहेकोमा यस वर्ष ३२.० प्रतिशत नै पुगेकोले कुल लगानी र राष्ट्रिय वचत बीचको अन्तर कुल गार्हस्थ्य उत्पादनको अनुपातमा गत वर्ष ०.५ प्रतिशत रहेकोमा यस वर्ष शुन्य भई साधन सन्तुलनको स्थितिमा तुलनात्मक रुपमा केही कमी देखिएको छ तापनि गतवर्षको तुलनामा यस वर्ष राष्ट्रिय बचत र कुल लगानी दुबैको अनुपात विस्तार भएबाट बढ्दो लगानीको लागि साधनको परिचालन समेत बढ्दै गएको स्पष्ट हुन्छ ।

१०. राजस्व परिचालनको उच्च वृद्धि चालू आर्थिक वर्षको प्रमुख विशेषता रहेको छ । आर्थिक वर्ष २०६३/६४ मा २१.३ प्रतिशतले बृद्धि भई कुल गार्हस्थ्य उत्पादनको अनुपातमा १२.१ प्रतिशत रहेको राजस्व चालू आर्थिक वर्षको प्रथम आठ महिनामा २६.८ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षको प्रथम आठ महिनामा राजस्वको बृद्धिदर १७.८ प्रतिशत थियो । कुल गार्हस्थ्य उत्पादनको तुलनामा सरकारी वित्त घाटा (fiscal deficit) को अनुपात आर्थिक वर्ष २०६२/६३ मा ३.८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६३/६४ मा केही वृद्धि भई ४.१ प्रतिशत पुग्यो । यद्यपि, सरकारी कारोवारमा ट्रेजरी सन्तुलनको अवस्था हेर्दा २०६३ असार मसान्तमा रु. १ अरब ७ करोडको अधिविकर्ष (overdraft) रहेकोमा २०६४ असार मसान्तमा रु. ३ अरब १२ करोड तथा २०६४ फागुन मसान्तमा रु. ४ अरब ३४ करोडको नगद वचत पुग्नुले सरकारी नगद कारोवार सन्तुलित अवस्थामा रहेको देखिन्छ ।

११. कुल गार्हस्थ्य उत्पादनसँग सरकारको कुल तिर्न बाँकी (स्वदेशी तथा विदेशी) ऋण दायित्व को अनुपात २०६३ असार मसान्तमा ५०.३ (स्वदेशी १४.५ र विदेशी ३५.८) प्रतिशत रहेकोमा २०६४ असार मसान्तमा सो अनुपात घट्न गई ४४.१ (स्वदेशी १४.३ र विदेशी २९.८) प्रतिशत पुगेको थियो । चालू आर्थिक वर्षको आठ महिनासम्म उक्त अनुपात ३९.५ (स्वदेशी १३.१ र विदेशी २६.४) प्रतिशत रहेको छ ।

१२. आर्थिक वर्ष २०६३/६४ सम्म ३६ वटा सार्वजनिक संस्थानहरूमा नेपाल सरकारको शेयर पुँजी लगानी रु. ७५ अरब ८० करोड पुगेकोमा कुल शेयरधनी कोष रु. ३९ अरबमा सीमित रहेको छ । साथै, कतिपय संस्थानहरूको लेखापरीक्षण अध्यावधिक गराउनु पर्ने तथा संस्थानहरूमा नेपाल सरकारको शेयर तथा लगानीको विवरण बारे संस्थान र नेपाल सरकारको अभिलेखका बीच सामञ्जस्य गराउनु पर्ने आवश्यकता देखिएको छ ।

१३. उपभोक्ता मूल्य वृद्धिदर वार्षिक विन्दुगत आधारमा २०६४ असारमा ५.१ प्रतिशत रहेकोमा २०६४ फागुनमा ७.२ प्रतिशत पुगेको छ । त्यस्तै, थोक मूल्य सुचकाङ्क २०६४ असारमा ८.५ प्रतिशतले बढेकोमा २०६४ फागुनमा ६.६ प्रतिशतले बढेको छ । कुल गार्हस्थ्य उत्पादनको मूल्य सूचकाङ्क (GDP deflator) गत आर्थिक वर्ष २०६३/६४ मा ७.४ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ७.७ प्रतिशतले बढ्ने अनुमान छ ।

१४. बैकिङ्ग क्षेत्रमा निक्षेपको वृद्धिदर यस आर्थिक वर्षको प्रथम आठ महिनामा १४.४ प्रतिशत बढेको छ । गत आर्थिक वर्षको सोही अवधिमा निक्षेपको वृद्धिदर १२.१ प्रतिशत रहेको थियो ।

कुल गार्हस्थ्य उत्पादनमा निक्षेपको अनुपात यस आर्थिक वर्षको प्रथम आठ महिनामा ३७.४ प्रतिशत रहेको छ । गत आर्थिक वर्षको यसै अवधिमा उक्त अनुपात ३६.७ प्रतिशत रहेको थियो । बैकिङ्ग क्षेत्रबाट प्रवाहित कुल कर्जामा निजी क्षेत्रतर्फ प्रवाहित कर्जाको अंश २०६४ फागुन मसान्तमा ७८.४ प्रतिशत पुगेको छ । २०६३ फागुन मसान्तमा यो अनुपात ७६.९ प्रतिशत रहेको थियो । २०६४ फागुन मसान्तमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा संकुचित मुद्रा प्रदायको अंश १७.२ प्रतिशत तथा विस्तृत मुद्रा प्रदायको अंश ५४.७ प्रतिशत पुगेको छ । २०६३ फागुन मसान्त यी अनुपातहरु क्रमशः १६.४ प्रतिशत र ५३.१ प्रतिशत रहेका थिए । यी दुई अवधिहरुमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा संकुचित तथा विस्तृत मुद्रा प्रदाय क्रमशः ०.८ प्रतिशत विन्दु र १.६ प्रतिशत विन्दुले बढ्न गएकोबाट वित्तीय मध्यस्थीकरणको कार्यमा प्रगति भएको देखिन्छ ।

१५. वैदेशिक व्यापारतर्फ गत आर्थिक वर्षभरिमा ०.९ प्रतिशतले बढेको निर्यात चालू आर्थिक वर्षको प्रथम आठ महिनामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.६ प्रतिशतले घटेको छ । गत आर्थिक वर्षभरिमा १०.३ प्रतिशतले बढेको आयात चालू आर्थिक वर्षको प्रथम आठ महिनाको अवधिमा २३.६ प्रतिशतले बढेको छ । विदेशमा काम गर्ने नेपालीहरूबाट प्राप्त विप्रेषण रकम गत आर्थिक वर्षभरिमा रू. १०० अरब १४ करोड रहेकोमा यस आर्थिक वर्षको प्रथम आठ महिनामा रू. ८२ अरब ४२ करोड पुगेको छ, जुन गत वर्षको यसै अवधिको तुलनामा २८.१ प्रतिशतले बढी छ । वाह्य कारोवारमा शोधनान्तर बचत आर्थिक वर्ष २०६३/६४ को अन्त्यमा रु. ५ अरब ९० करोड रहेकोमा यस आर्थिक वर्षको आठ महिनामा रु. १३ अरब २७ करोड बचत भएको छ । फलस्वरूप, २०६४ असार मसान्तमा रू. १६५ अरब १३ करोड रहेको कुल विदेशी विनिमय सञ्चिति २०६४ फागुन मसान्तमा १०.२ प्रतिशतले वृद्धि भई रु. १८१ अरब ९८ करोड पुगेको छ, जुन अमेरिकी डलरमा २ अर्ब ८२ करोड बराबर हुन आउँछ । उक्त सञ्चिति ११.३ महिनाको वस्तु आयात तथा ८.९ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

१६. २०६२ पुसदेखि २०६३ पुससम्म नेपाल आउने पर्यटकहरूको संख्या ४७.९ प्रतिशतले बढेर ३ लाख ९३ हजार ९ सय ४९ रहेकोमा २०६४ पुससम्म सो संख्या ३३.५ प्रतिशतले बढेर ५ लाख २६ हजार पुगेको छ, जुन हालसम्मको सबै भन्दा उच्च संख्या हो । पर्यटन क्षेत्रबाट आर्जन भएको विदेशी मुद्रा आर्थिक वर्ष २०६३/६४ भरिको रु. १० अरब १२ करोडको तुलनामा चालू आर्थिक वर्षको आठ महिनामा ७.६ प्रतिशतले वृद्धि भई रु. १० अरब ८९ करोड पुगेको छ ।

१७. सडक सुविधाको विस्तार तर्फ गत आर्थिक वर्षको प्रथम आठ महिनामा कालोपत्रे, खण्डास्मिथ र कच्ची गरी कुल १७ हजार ७ सय ८२ कि.मि. सडक रहेकोमा यस आर्थिक वर्षको सोही अवधिमा सडकको कुल लम्बाई १७ हजार ९ सय ८२ कि.मि. पुगेको छ ।

१८. २०६३ फागुनमा ८७ अस्पतालहरु रहेकोमा २०६४ फागुनमा सो संख्या ९४ पुगेको छ । स्वास्थ्य चौकीको संख्या २०६३ फागुनको ६ सय ७६ बाट २०६४ फागुनमा ६ सय ९९ पुगेको छ । स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्ति मध्ये डाक्टरहरुको संख्या २०६३ फागुनको १ हजार ३ सय ६१ बाट २०६४ फागुनमा १ हजार ४ सय ५७ पुगेको छ ।

१९. सरकारी तथा निजीस्तरमा सञ्चालित प्राथमिक, निम्न-माध्यमिक र माध्यमिक विद्यालयहरूको संख्या २०६४ शैक्षिक सत्रमा ४४ हजार ८ सय ५३ रहेको छ । सो शैक्षिक सत्रमा कुल विद्यार्थी संख्या ६५ लाख ३३ हजार ४ सय १० पुगेको छ । कुल शिक्षक संख्या १ लाख ६५ हजार ४ सय २३ रहेको छ । कुल संख्या मध्ये विद्यालय, विद्यार्थी र शिक्षकको अंश प्राथमिक तहमा क्रमशः ६५.२, ६७.६ र ७०.६ प्रतिशत, निम्न-माध्यमिक तहमा क्रमशः २१.७, २२.१ र १६.९ प्रतिशत तथा माध्यमिक तहमा क्रमशः १३.१, १०.३ र १२.५ प्रतिशत रहेको छ । कुल शिक्षक संख्या १ लाख ६५ हजार ४ सय २३ मध्ये ६४.५ प्रतिशत शिक्षक तालिम प्राप्त छन्, जस मध्ये प्राथमिक, निम्न-माध्यमिक र माध्यमिक तहका क्रमशः ६६.४, ५२.३ र ७०.० प्रतिशत शिक्षक तालिम प्राप्त छन् ।

निष्कर्षमा, प्रतिकूल परिस्थितिमा पनि देशको समष्टिगत आर्थिक स्थिति र संरचनालाई अनुकूल अवस्थामा नै राख्न सकिनु चालू आर्थिक वर्षको प्रमुख उपलब्धि रहेको छ । आर्थिक वृद्धिदरमा तीव्रता, राजस्व परिचालनमा उल्लेखनीय विस्तार, स्वीकृत वैदेशिक सहायता राशीमा वृद्धि, विप्रेषण आय वृद्धिसँगै शोधनान्तर वचत र विदेशी विनिमय सञ्चितिको रेकर्डस्तर, पर्यटक आगमनमा रेकर्डसंख्या, बैंकिङ्ग प्रणालीको निक्षेप तथा निजी क्षेत्रतर्फ प्रवाहित बैंक कर्जामा विस्तार, समग्र वचत तथा लगानीमा वृद्धि आदि यस वर्षका प्रमुख सकारात्मक पक्षकारुपमा रहेका छन् भने मुख्यतया खाद्य समूहको मूल्य वृद्धि तथा आपूर्ति व्यवस्थापनमा कठिनाइका कारण समग्र मूल्य स्थितिमा चाप, निर्यातमा शिथिलता, विविध कारणले चालू खर्चको विस्तारलाई अपेक्षितरुपमा नियन्त्रण गर्न तथा पुँजीगत खर्चको विस्तारलाई अझ तीव्रता दिन नसकिनु जस्ता समस्याहरु अद्यापि विद्यमान छन् । साधनको बढ्दो परिचालनसँगै आन्तरिक उत्पादन तथा उत्पादनशील उपयोगमा साधनको प्रवाह बढाई आर्थिक वृद्धिदरलाई अझ तीव्र बनाउनुपर्ने आवश्यकता समेत रहेको छ ।